आज मिति २०८२ साल असार महिनाको ०७ गतेका दिन नरहरिनाथ गाउँपालिका, कालिकोटका अध्यक्ष श्री नगेन्द्र बहादुर विष्टको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

**समय : दिउसो २:०० बजे** **बैठक नं – ४५**

## उपस्थिति

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नगेन्द्र बहादुर विष्ट | अध्यक्ष | |
| २. | श्री कमल कुमार शाह | उपाध्यक्ष | |
| ३. | श्री जगत वहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४. | श्री प्रेम बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | |
| ५. | श्री कटक बहादुर बुढा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | |
| ६. | श्री नन्द राम सहकारी | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | |
| ७. | श्री मान वहादुर सहकारी | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | |
| ८. | श्री पौराम कामी | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | |
| ९. | श्री खाम्म बहादुर बटाला | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | |
| १०. | श्री लाल वहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. ८)/सदस्य | |
| ११. | श्री प्रदीप वोहरा | वडा अध्यक्ष (वडा नं. ९)/सदस्य | |
| १२. | श्री अम्सरा कुमारी बुढा | सदस्य | |
| १३. | श्री थुमा सहकारी(बुढा) | सदस्य | |
| १४. | श्री वन्दना देवी शाही | सदस्य | |
| १५. | श्री सुन्केशा सहकारी | सदस्य | |
| १६. | श्री करन नेपाली | सदस्य | |
| १७. | श्री जगत वहादुर दर्जी | सदस्य | |
| १८. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

## आमन्त्रीत:

| | | | |
|---|---|---|---|
| १. | ~~[illegible]~~ | | |
| २. | ज्ञान ब. सहकारी | ज.स्वा. नि. | |
| ३. | रमेश के सी | लेखापाल | |
| ४. | देव ब. महरा | प्रशासन पौं.पौं. | |

## सहयोगी कर्मचारी

| | | | |
|---|---|---|---|
| १. | गंगा बं० बुढा | का०स | |

कार्यपालिका बैठक संख्या: ४५ 　　　　　　　　　　　　　　　　　　मिति: २०८२।०३।०७

**प्रस्तावहरु**

१. १८ औ गाउँसभाको नीती तथा कार्यक्रमको तयारी तथा छलफल सम्बन्धमा ।

२. आर्थिक सहायता सम्बन्धमा।

३. अख्तियारी दिने सम्बन्धमा।

४. दायित्व लिने सम्बन्धमा ।

५. वितृत योजना सर्वेक्षण (DPR) अनुमोदन गर्ने सम्बन्धमा।

६. रकमान्तर सम्बन्धमा ।

७. सहिद स्मृती भवन तथा सभाहल निर्माण गर्ने सम्बन्धमा।

८. विविध सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं १**

प्रस्ताव नं १ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाको गाउँसभाको १८ अधिवेशनमा प्रस्तुत गरिने नीति तथा कार्यक्रम समेटिने विषयका विषयमा व्यापक छलफल गर्ने र आयका कार्यान्वयन योग्य सुझावलाई नीति तथा कार्यक्रममा समेट्ने गरि यही मिति २०८२।०३।०८ गते सर्वदिय बैठक आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं २**

प्रस्ताव नं २ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका स्थायी निवासी विपतवाट क्षति भएका, आर्थिक रुपले विपन्न तथा दुर्घटनामा परि मृत्युवरण गरेका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता दिने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| क्र.सं | नाम थर | ठेगाना | रकम | खर्च शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुर्ग सुनार<br>बुबाको नाम: दिप कामी | नरिहरिनाथ ४ | २०,०००। | विविध कार्यक्रम खर्च अपाङ्गमैत्री कार्यक्रम | |

**निर्णय नं ३**

कार्यपालिका बैठक संख्या: ४५ मिति: २०८२।०३।०७

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका जनप्रभात उच्च मा. वि. सिरकोटमा अध्यापनरत शिक्षक श्री लोक बहादुर दर्जी कालिकोट जिल्ला नरहरिनाथ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कुमालगाउँ समेत ६ जना भएको परमादेश मुद्धामा सम्पूर्ण विपक्षहरुको तर्फबाट लिखित जवाफ लगाउन, बहस पैरवी लगायतका सम्पूर्ण आवश्यक काम गर्न अधिभक्ता अमल राज शाही प्र. प. नं. १४८७८ लाई कानून व्यवसायी नियुक्त गर्ने निर्णय गरियो। साथै उक्त मुद्धामा तारेक लिन, पुर्पक्ष गर्न, लिखित जवाफ लगाउन श्री जनजागरण आ. वि. सितलाका प्रध्यानाध्यपक श्री बुद्धिसिंह विष्टलाई वारेश अख्तियारनामा दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं ४ माथी छलफल गर्दा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (मिति २०७८।०७।२८ र च नं १३०) ले देशभर ३९६ वटा स्थानीय तहमा (नरहरिनाथ गाउँपालिका सहित) ५।१०।१५ शैयाको अस्पतालको शिलन्यास गर्ने गरी तयारी भएकोमा यस गाउँपालिका विभिन्न कारणले हालसम्म पनि शिलन्यास गर्न नसक्दा अस्पतालको लागत अनुमान बढ्न गएको हो। हाल जग्गा प्राप्ति तथा वितृत योजना सर्वेक्षण लागाएतका काम सकिएको छ तर संघीय सरकारबाट स्रोत सुनिश्चत गरिएभन्दा झण्डै दुईगुणा बढी लागत अनुमान (३७ करोड १२ लाख ७० हजार) हुने गरी आज बसेको गाउँकार्यपालिकाको बैठकले १५ शैयाको अस्पताल निर्माण गर्न लागत अनुमानमा अपुग रकमको जिम्मेवारी लिने र ठेक्का प्रकृया अगाडि बढाउने साथै, लागत अनुमान भन्दा बढिको रकम संघीय तथा प्रादेशिक मन्त्रालय तथा निकाय संग सुनिश्चितताका लागि समन्वय गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथी छलफल गर्दा मिति २०८१।१०।०९ (च. नं. १०४३) गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्थानीय तहहरुले Detail Project Review (DPR) को समिक्षा तथा अनुमोदनका सम्वन्धमा निर्माणाधिन अवस्थामा रहेका अस्पतालको हकमा पुन संशोधन गर्नु पर्ने भएमा तथा निर्माण प्रक्रिया प्रारम्भ नैनसकेका स्थानीय तहहरुको हकमा कसम्वन्धित कार्यपालिकाबाट आधारभूत अस्पतालको Detail Project review को समिक्षाका लागि मन्त्रालयबाट जारी गरिएको स्वास्थ्य भवन पूर्वाधारको डिजाईन तथा निर्माण सम्वन्धि निर्देशिका २०७३ तथा अन्य मानक मापदण्डहरु र राष्ट्रिय

कार्यपालिका बैठक संख्या: ४५ मिति: २०८२।०३।०७

भवन आचार संहिताको अधिनमा रहि पालिकाले प्राभिधिकको सिफारिसको आधारमा कार्यपालिकाबाटै स्वीकृत हुन स्वास्थ्य मन्त्रालय. सचिवस्तरको मिति २०८१।१०।०८ गनेको निर्णयानुरार अनुरोध भई आएकोमा मिति २०८२।०३।०५ गते प्राविधिक सिफारिसको आधारमा कार्यपालिकाको बैठकबाट सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ६</u>

प्रस्ताव नं ६ माथी छलफल गर्दा आर्थिक बर्ष २०८१/०८२ मा हिउँदे गाउँसभाबाट विनियोजित तपसिलका शिर्षक तथा कार्यक्रम निर्धारित समयमा सम्झौता तथा सम्पन्न गर्न नसकेकोले तपसिलका उल्लेखित कार्यक्रम तथा शिर्षकमा रकमान्तर गरि भूक्तानी गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | रकमान्तर हुने शिर्षक | रकम | रकमान्तर गरिएको शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | डेडेगडा देखि गा पा सम्म खानेपानी निर्माण | २,५०,०००। | दोबाटो देखि सल्लेचौर सम्म PCC बाटो निर्माण | २,५०,०००। | |

<u>निर्णय नं ७</u>

प्रस्ताव नं ७ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाको आ व २०८१।०८२ मा भवन आवास तथा सहरी विकास क्षेत्र अर्न्तगत शहिद स्मृति भवन निर्माण नरहरिनाथ गाउँपालिका कालिकोटमा विनियोजन भएको २० लाख बाट नरहरिनाथ गाउँपालिकाको प्रशासनिक भवन भएको स्थानमा पुरानो ढुङ्गाको भित्ता र टिनको छानो भएको संरचना भत्काएर सहिद स्मृति तथा वहुउदेश्य भवन निर्माण गर्ने र लागत अनुमान वढी भएको खण्डमा गाउँकार्यपालिकाले विनियोजन गर्ने र स्रोतको सुनिश्चित गर्ने सर्वसम्मत निर्णय गरियो।

प्रस्ताव नं १ दखि ८ सम्मका निर्णयहरु प्रमाणित गरिन्छ।